# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५ ) काठमाडौं, पुस १ गते २०४२ साल ( पूर्वातिरिक्ताङ्क ४६ (क)

## भाग १

## शाही सम्बोधन

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २०४२ साल पुस १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवस र दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको रजत जयन्तीको शुभ उपलक्ष्यमा आयोजित समारोहमा बक्सेको सम्बोधन ।

महिला तथा सज्जनवृन्द,

१. नेपाल बचोस्, नेपाली रहून् भन्ने एकमात्र उच्चतम आदर्शको प्रेरणाबाट हाम्रा पूज्य बुबाज्यू स्वर्गीय श्री ५ महेन्द्रबाट दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सूत्रपात गरिबक्सेको आज पच्चीस वर्ष पूरा हुन्छ । यसबेला यस व्यवस्थाका प्रवर्तक पूज्य बुबाज्यू श्री ५ महेन्द्रप्रति र मौसूफको आह्वानमा यस व्यवस्थाको लागि मरिमेट्ने सबै देशभक्त नेपालीप्रति श्रद्धाञ्जली तथा आभार व्यक्त गर्नु हाम्रो कर्तव्य हुन आउँछ ।

२. पच्चीस वर्षको यस अवधिमा देशमा के कस्ता सुधार र उन्नतिका कामहरू भए त्यसको लेखाजोखा विभिन्न तहबाट हुने नै छ । के कति बाटाघाटाहरू बने, कति स्कूल र शिक्षण संस्थाहरूको विस्तार भयो, कति अस्पताल र स्वास्थ्य चौकीहरूको निर्माण हुन सक्यो, कति विद्युत् प्रशारण संभव भयो, कति थप जग्गामा सिंचाइको प्रबन्ध मिलाउन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सकियो, कृषि, बागवानी, मत्स्यपालन, पशुधन विकासको क्षेत्रमा के कति प्रगति गर्न सकियो, के कति संख्यामा विभिन्न कारणवश विस्थापित हुन पुगेका परिवारको बसोबासको व्यवस्था गर्न सकियो, साक्षरताको प्रतिशत कतिसम्म बढाउन सकियो, हुलाक, दूर संचार र प्रचार-प्रसारको क्षेत्रमा के कस्ता सुधार संभव भए, पर्यटन विकासमा के कस्ता उपलब्धि हासिल गर्न सकिए भन्ने कुराहरू वस्तुस्थितिबाटै प्रष्ट हुनसक्ने भएकोले यहाँ विशेष चर्चा गरिरहन पर्ला जस्तो लाग्दैन । निष्पक्ष रूपले हेरेमा उहिले र अहिलेको नेपाल बीचको अन्तर थाहा पाउन गाह्रो पर्ने छैन । तर यसो गर्दा समसामयिक घटना र विश्व परिस्थितिलाई पनि ख्याल राख्नुपर्ने हुन्छ ।

३. हाम्रो विचारमा एशिया र अफ्रिका महादेशका हामीजस्तै विकासशील मुलुकमा जे जस्ता राजनीतिक उथल-पुथल भए जसरी यीमध्ये कैयन देशहरू राजनीतिक वादविवादको हानथापमा परी अनेकन यातना र थिचोमिचोको शिकार भए अनि कतिपय देशले आफ्नो अस्तित्व नै गुमाउन पुगे ती सबैलाई विचार गर्दा पञ्चायत व्यवस्थाले नेपालमा राजनीतिक स्थिरता कायम गर्नमा सार्थक योगदान गरेको कुरालाई स्वीकार गर्नै पर्छ । नेपालको सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रता अक्षुण्ण राखी नेपालीलाई स्वाधीनताका साथ बाँच्न पाउने स्वतन्त्र वातावरणको सिर्जनामा यस व्यवस्थाले अवश्य पनि ठूलो योगदान गरेको छ । साथै यही व्यवस्थाअन्तर्गत हामीले नेपाली जनताको चाहना अनुसार नेपाललाई शान्ति क्षेत्रको रूपमा विश्वभरिका देशहरूसँग चिनारी गराउँदै सबैसँग मित्रता र सहयोग बढाउँदै आएका पनि छौं । हामी सबैका लागि यी खुशीका कुरा हुन् । तर हामीले यत्तिकैमा मात्र सन्तोष लिन सक्दैनौं ।

४. दोस्रो विश्वयुद्धपछिका दशकहरूमा विश्वभरिकै विभिन्न देशहरूमा विशाल औद्योगिक क्रान्तिको लहर चलेको छ । वास्तवमा आजको विश्व आर्थिक दृष्टिले एउटा ठूलो परिवर्तनको युगबाट गुज्रिरहेको छ । विभिन्न देशहरूमा नयाँ नयाँ उद्योगहरूको स्थापना भएबाट उपभोग्य सामानको उत्पादन बढ्न गएको छ भने हाम्रा जस्ता अल्प-विकसित मुलुकहरू विदेशी सामानका लागि बजार बन्न पुगेका छन् । बितेका पच्चीस वर्षमा नेपालको ध्यान राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक र प्रशासकीय आधार-शिलाहरूको संरचना गर्नमा नै बढी केन्द्रीत गर्नु परेकोले नेपालले औद्योगिक युगको सिर्मिरे उज्यालोसम्म मात्र देख्न सकेको छ । यसमाथि बितेका पच्चीस वर्षमा नेपालको जनसंख्यामा झण्डै चौहत्तर लाखले वृद्धि भएको र वन जङ्गलजस्ता हाम्रा राष्ट्रिय सम्पदामा क्रमिक रूपले ह्रास हुँदै गएकोले विकासका प्रयासहरू हुँदाहुँदै पनि जनताको आर्थिक स्तरमा वाञ्छित सुधार अझै आउन सकेको छैन । वास्तवमा एशियाको यस क्षेत्रकै जनसंख्या



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नीतिबारे व्यापक रूपमा विचार गरी योजनाबद्ध रूपले त्यसतर्फ अग्रसर हुन नसकेमा हाम्रो आर्थिक अवस्थामा नै प्रतिकूल प्रभाव पर्न सक्ने कुरा स्पष्ट छ ।

५. एकातिर जनसंख्याको यस्तो गतिमा वृद्धि हुनु र अर्कोतिर हामीले अहिलेसम्म कुनै अप्रत्याशित प्राकृतिक वैभव फेला पार्न नसक्नु, अनि क्रमिक रूपमा विदेशी सामान-हरूको आयात मात्र गर्दै जाने प्रक्रिया जारी रहनुबाट हामी कतिसम्म स्वावलम्बी हुन सक्छौं यसबारे पनि चिन्तन गर्नु पर्ने भएको छ । यस्तो परिस्थितिमा हाम्रा आधारभूत मूल्य मान्यता र चरित्रमा के कस्तो असर पर्नसक्छ र हाम्रो समाजमा द्वन्द र वैमनष्यले के कस्तो वातावरणको सिर्जना हुन जान्छ भन्ने कुरामा पनि हामीले विचार पुऱ्याउन सक्नु परेको छ ।

६. पन्ध्र वर्षपछि ईसवी सम्वत्ले बीसौं शताब्दी पार गरी एक्काइसौं शताब्दीमा प्रवेश गर्नेछ । यस घडीलाई मानव मात्रको निम्ति एउटा नयाँ युगको संघार मानेर अनेकन देश र अन्तरराष्ट्रिय संघ संस्थाहरूले समेत विभिन्न विकास कार्यक्रमको सम्बन्धमा आह्वान गरेका छन् । यस्तो महत्वपूर्ण बेलामा हामी नेपालीहरूले पनि आफ्ना आधारभूत आवश्य-कताको परिपूर्ति गर्ने परिकल्पना गर्नु सर्वथा स्वाभाविक कुरा हुनेछ । त्यसो हुनाले नेपालको अल्पविकसित अवस्थालाई बीसौं शताब्दीमा नै बिसाई सन् २००० सम्ममा एशियाली मापदण्डबाट उपयुक्त मानवोचित जीवनस्तर हासिल गर्ने आजको दिनमा हामी सबैले अठोट गर्नु आवश्यक भएको छ । सम्पूर्ण नेपालीका लागि खाद्यान्न, लत्ताकपडा, आवास, शिक्षा, स्वास्थ्य र सुरक्षाजस्ता आधारभूत आवश्यकता पुऱ्याउने यो लक्ष्य जतिसुकै कठिन देखिए तापनि उपयुक्त राजनीतिक प्रतिवद्धता तथा त्यस अनुरूपको योजनाबद्ध विकास प्रयासबाट मात्र सम्भव हुने भएकोले यस दिशामा मेरो सरकारले आवश्यक कार्यक्रमको तर्जुमा गर्ने र त्यसको प्रभावकारी अनुगमनको निम्ति राष्ट्रिय योजना आयोगमा कार्यदलहरूको व्यवस्था गर्ने भएको छ ।

७. अन्तमा, नेपालको सर्वाङ्गीण विकासमा समस्त नेपालीलाई समान रूपले योगदान गर्न पाउने सुअवसर प्रदान गर्ने दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको रजत जयन्तीको यस शुभ घडीमा नेपाली मात्रको निम्ति एउटा सुखमय भविष्य जगेर्ना गर्ने हाम्रो सङ्कल्पमा सम्पूर्ण देशवासीहरूको सहभागिता र योगदानको निम्ति हामी आह्वान गर्दछौं । साथै यस समारोहका आयोजकहरू र यहाँ उपस्थित सबैलाई धन्यवाद दिन चाहन्छु ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् !

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



६०१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।